स्थायी लेखा नं.: ३०३४२५०२७ समाज कल्याण परिषद् आवद्धता नं.: ३७८७६ जि.प्र.का. काठमाडौं, दर्ता नं.: ०७/२०१९/४/३

# नेपाल ईन्जिनियर्स एशोसिएसन

**केन्द्रिय कार्यालय**
पुल्चोक, ललितपुर

प.सं.च.नं ४५,०७/०७६ मिति: २०७६।०२।२०

३२ औं केन्द्रीय कार्यकारिणी समिति

**अध्यक्ष**
ई. प्रा. डा. त्रिरत्न बज्राचार्य
**उपाध्यक्ष**
ई. आशिष घिमिरे
**महासचिव**
ई. छवि राज पोखेल
**उपमहासचिव**
ई. कपिल आचार्य
**कोषाध्यक्ष**
ई. राम एकवाल यादव
**सह-कोषाध्यक्ष**
आ. चाँदमाला श्रेष्ठ
**सदस्यहरु**
ई. सागर श्रेष्ठ
ई. छविलाल अधिकारी
ई. प्रकाश बुढा
ई. दिलिप कुमार विश्वकर्मा
ई. अनिल मानन्धर
ई. सुजन भट्ट
ई. एभरेष्ट के. सी.
ई. ज्योतिमणि भट्टराई
ई. गजेन्द्र कुमार झा
ई. उमेश प्रसाद चौधरी
ई. प्रताप सापकोटा
ई. सुदर्शन भण्डारी
ई. कृष्ण प्रसाद पाण्डे (कर्णाली प्रदेश)
ई. ओम प्रकाश गिरी (गण्डकी प्रदेश)
आ. जनक राज जोशी (सुदूरपश्चिम प्रदेश)
ई. पारस खड्का (प्रदेश नं. ५)
ई. लक्ष्मण कुमार यादव (प्रदेश नं. २)
ई. डा. कृष्ण राज पाठक (प्रदेश नं. ३)
ई. डेग राज पौडेल (प्रदेश नं. १)

**माननीय लालबाबु पण्डितज्यू,**
**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री**
**नेपाल सरकार ।**

**ज्ञापन पत्र**

**महोदय,**

लोकसेवा आयोग केन्द्रीय कार्यालय अनामनगरको मिति २०७६ जेठ १५ गते बुधवारको गोरखा पत्र राष्ट्रिय दैनिकमा प्रकाशित स्थानीय तहका विभिन्न सेवा समूहका अप्राविधिक/प्राविधिक तर्फका पदहरुको खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परिक्षाको सूचना नं ५३/२०७५-०७६ मा प्राविधिक तर्फ ईन्जिनियर पद तथा ईन्जिनियरिङ सेवा समूहको लागी आह्वान गरिएको विज्ञापनमा स्नातक उतिर्ण ईन्जिनियरलाई छैठौं तहको लागी पदपूर्ति गर्ने सूचना प्रति यस एशोसिएसनको गंभीर ध्यानाकर्षण भएको हुँदा निम्न बुदाँहरुमा सम्बोधन गरिदिनुहुन यो ज्ञापन पत्र पेश गरेका छौं ।

१. नेपाल सरकार मातहत रहेका संस्थान, प्राधिकरण, निगम लगायतमा ईन्जिनियरको माग हुँदा पाँच वर्ष सेवा अवधी नपुगेका रा.प. तृतिय श्रेणी ईन्जिनियरको कर्मचारी समायोजन प्रदेश र स्थानिय तहमा हुँदा सातौं तहको दरबन्दी कायम गरिएको छ तर हाल प्रकाशित लोकसेवाको विज्ञापनले ईन्जिनियरको माग छैठौं तहको लागि हुनु त्रुटिपूर्ण देखिन्छ । छैठौं तह पाँच वर्ष वा बढि कार्यानुभव भएका सव ईन्जिनियरहरुको समायोजन तह भएकोले हाल माग भएको ईन्जिनियर पदको लागि सातौं तहमा दरबन्दि कायम हुनेगरी उक्त विज्ञापन तत्काल सच्याईनु पर्दछ ।

२. त्यस्तै चिकित्सा सेवामा स्नातक (एम.वि.वि.एस) उपाधि व्यक्ति एकै पटक आठौं तहको मेडिकल अधिकृत पदमा सेवा प्रवेश गर्न पाउने व्यवस्था रहेको छ जुन Bachelors Equivalent Qualification हो ।

३. स्थानिय तहलाई चुस्त, दुरुस्त र सबलिकरण गर्न नेपाल ईन्जिनियरिङ सेवाभित्रका सिभिल सहित अन्य सेवा समुहको पनि दरबन्दी कायम गरी पदपूर्तिका लागि लोकसेवा मार्फत विज्ञापन हुनुपर्नेमा सो नगरी विज्ञापन आव्हान हुनु दुखद छ । त्यसकारण स्थानीय तहको दरबन्दी संरचना सच्याई ईन्जिनियरङका अन्य सेवा समुहका जनशक्तिको उपयोग हुनसक्ने संरचना निर्माण गर्न माग गदछौं ।

विगतमा सातौं तहमा भर्ना गर्ने परिपाटीलाई लत्याउँदै प्राविधिक जनशक्तिको मान मर्दन हुने गरी छैठौ तहमा सेवा प्रवेश गर्ने व्यवस्था कदापि न्यायोचित छैन । यो विभेदकारी विज्ञापन आव्हानको निर्णयलाई तत्काल सच्चाई स्नातकोपाधी ईन्जिनियरलाई साविककै सातौं तहमा शुरु सेवा प्रवेशको व्यवस्था मिलाउन माननीय मन्त्रीज्यू समक्ष यस एशोसिएसन जोडदार माग गर्दछ । माननीय मन्त्रीज्यूले हाम्रो मागलाई सकारात्मक रुपमा लिई कार्यान्वयन गर्नुहुनेछ भन्ने अपेक्षा गर्दछौं ।

धन्यवाद ।

ई. छवि राज पोखेल
महासचिव

ई. प्रा.डा. त्रिरत्न बज्राचार्य
अध्यक्ष

